# साँगुरीगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड-३, संख्या-३, मिति : २०७६।०४।०१

## भाग-१

## साँगुरीगढी गाउँपालिका, धनकुटा

गाउँ सभाबाट स्वीकृत मिति : २०७६।०३।११

# साँगुरीगढी गाउँपालिकाको शिक्षा ऐन२०७६

# साँगुरीगढी गाउँपालिकाको शिक्षा ऐन २०७६

**प्रस्तावना**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) को अधिकारलाई कार्यान्वयन गर्न सोही ऐनको दफा १०२ वमोजिम साँगुरीगढी गाउँपालिकाको पाँचौ गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "साँगुरीगढी गाउँपालिकाको शिक्षा ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन साँगुरीगढी गाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "ऐन" भन्नाले साँगुरीगढी गाउँपालिकाको शिक्षा ऐन, २०७६ लाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले साँगुरीगढी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले दफा ४८ वमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको विद्यालय कोषलाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले साँगुरीगढी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले साँगुरीगढी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "बाल शिक्षा केन्द्र" भन्नाले तीन वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(ज) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(झ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ट) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ठ) "सामुदायिक विद्यालय" भन्नाले संघीय सरकार वा प्रदेश सरकार र गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको



३

पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा सरकारको नियमित रुपमा अनुदान नपाउने गरी सञ्चालन गर्ने गरी अनुमति वा स्विकृती प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

(ढ) "व्यवस्थापन समिति" भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयको व्यवस्थापनको लागि गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ण) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(त) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा र शाखा वा इकाइलाई सम्झनु पर्छ ।

(थ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(द) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, सुस्तश्रवण र वौद्धिक अपाङ्गता वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समुहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ध) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ । सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँदछ ।

(न) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(प) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ र सो शव्दले दफा २० र ४० को प्रयोजनका लागि विद्यार्थीको बाबु,

आमा, वाजे वा वज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्ति समेतलाई जनाउँछ ।

(फ) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(ब) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(भ) "अनुमति" भन्नाले गाउँपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरीनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(म) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(य) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ज) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(र) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ज) र (झ) वा खण्ड (झ) वमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ल) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत वनेका नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद- दुई

### शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

**३. विद्यालयको तह २ प्रकारका हुनेछन् :**

(क) माध्यमिक तह : कक्षा १२ सम्म अध्ययन अध्यापन हुने तहलाई माध्यमिक तह भनिनेछ ।

(ख) आधारभूत तह : कक्षा ८ सम्म अध्ययन अध्यापन हुने तहलाई आधारभूत तह भनिनेछ । आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र बाल शिक्षा केन्द्र अन्तर्गत वाल हेरचाह केन्द्र, नर्सरी/मन्टेश्वरी, किन्डरगार्डेनहरु रहनेछन् ।

**४. माध्यमिक शिक्षाको प्रकार: माध्यमिक तहको शिक्षामा देहायका प्रकारहरु हुनेछन् :**

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**५.शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभूत तह सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

६. **विशेष शिक्षा, समावेशी शिक्षा, आवासीय शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७. **विद्यालयको वर्गीकरण: विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ**

(क) सामुदायिक विद्यालय,

(ख) संस्थागत विद्यालय,

(ग) गुठी विद्यालय,

८. **विद्यालय खोल्न अनुमति लिनुपर्ने :** (१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय खोल्न वा नेपाली नागरिकले संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका अध्यक्ष समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर कार्यपालिकाको कार्यालयबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु भन्दा दुई महिना अगावै आफ्नो राय सहितको सिफारिस गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर पन्ध्र दिन भित्र आवश्यक जाँचवुझ गरी गाउँ शिक्षा समितिमा राय सहित प्रतिवेदन पेश गर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(५) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (टिएसइइ) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषदद्वारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नु पर्नेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका अध्यक्ष समक्ष आवेदन दिनु पर्नेछ । गाउँ कार्यपालिकाबाट सोको स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछन् ।

(१०) माथिल्ला उप दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(११) यस अघि दर्ता भएका विद्यालय सम्वन्धी व्यवस्था : (१) माथि जुनसुकै कुरा उल्लेख भए तापनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएका मानिनेछन् । तर यस अघि सञ्चालन भएका

विद्यालयले गाउँ कार्यपालिकाको कार्यालयमा तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

९. धरौटी राख्नु पर्ने: संस्थागत विद्यालय खोल्ने अनुमति लिदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रुपैया,

(ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

(ग) प्रारम्भिक वाल विकास विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ ।

तर, विशेप आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा अति विकट भौगोलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुट दिन सक्नेछ ।

१०. धरौटी रकम जम्मा गरिने : (१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम गाउँ कार्यपालिकाको कार्यालयको धरौटी खातामा जम्मा गर्नपर्नेछ ।

११. सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन बमोजिम पालना गर्नु पर्नेछ ।

१२. गाउँ कार्यपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

१३. बाल गृहको सञ्चालन: गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले बाल गृह सञ्चालन गर्न पाउनेछ । वाल गृह सञ्चालनको लागि आवश्यक प्रकिया तोकिए बमोजिम हुनेछ ।

१४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने: गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन गर्न सकिनेछ ।

१५.गाउँ कार्यपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने : (१) गाउँ कार्यपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानवाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ । कक्षा १-५ विद्यालयमा कुल २० जना भन्दा कम विद्यार्थी भएमा गाउँ शिक्षा समितिको सिफारिसमा बाल शिक्षा केन्द्र मात्र कायम राखी त्यस माथिका कक्षाहरु वन्द गर्न सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत् गाउँ कार्यपालिकामा स्वीकृतीका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा कम्तिमा पचास लाख रुपैया वा सो बरावरको घर वा जग्गा, आधारभूत तहको हकमा कम्तिमा तीस लाख रुपैया वा सो बरावरको घर वा जग्गा प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

(५) तोकिएको सर्त र पुर्वाधार लगायतका मापदण्ड पूरा गरेमा सम्वन्धित तहको कक्षा थप गर्न अनुमति दिन सकिने छ ।

## परिच्छेद : ३

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

१६. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्था: (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको एकजना गाउँ कार्यपालिकाको सदस्य -अध्यक्ष

(ख) गाउँ कार्यपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

(ग) गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेको कम्तीमा एकजना महिला, दलित वा अल्पसंख्यक पर्ने गरी दुई जना -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एक जना अधिकृत कर्मचारी -सदस्य

(ङ) सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट गाउँ कार्यपालिकाले तोकेको एक जना प्रधानाध्यापक -सदस्य

(च) स्थानीय समाजसेवी, वुद्धिजिवी, शिक्षाप्रेमीहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेका एक जना दलित महिला, दुई जना महिला सहित तीन जना -सदस्य

(छ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेको एक जना -सदस्य

(ज) शिक्षक अभिभावक संघका अध्यक्षहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेको एक जना -सदस्य

(झ) गाउँपालिका स्तरीय नेपाल शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि एक जना -सदस्य

(ञ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख - सदस्य-सचिव

(२) समितिको बैंठक सञ्चालन प्रक्रिया, बैंठक भत्ता तथा सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) अनुसार सदस्यले पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, घटुवा गर्ने सम्वन्धी गाउँपालिकालाई सिफारिस गर्ने,

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहीत बनाउन सहयोग गर्ने,

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने,

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृतीको लागि सिफारीस गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने,

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(झ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

(ञ) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड र कारवाहीको सिफारीस गर्ने ,

(ट) तहगत र विषयगत रुपमा आफ्नो कार्य क्षेत्र भित्रका विद्यालयमा कार्यरत योग्यता पुगेका शिक्षकहरु मध्येबाट रोष्टर वा विशेषज्ञ शिक्षकहरुको छनौट गरी सूची प्रकाशनको लागि गाउँ कार्यपालिकाको कार्यालयललाई सिफारीस गर्ने,

(ठ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव सहित सिफारिस गर्ने,

(ड) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँपालिकामा पेस गर्ने,

(ढ) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गरी गाउँ कार्यपालिकाकालाई सिफारीस गर्ने,

(ण) आवश्यकता अनुसांर दिवा खाजाको व्यवस्थापन गर्ने,

(त) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने व्यवस्थाका लागि योजना सहित गाउँ कार्यपालिकामा पेश गर्ने ।

(थ) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई कार्यान्वयनको लागि सिफारीस गर्ने,

(द) शिक्षक तालिम सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयनको लागि गाउँ कार्यपालिकामा पेश गर्ने,

(ध) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक राय पेश गर्ने,

(न) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने,

(प) शिक्षामा सवै बालबालिकाको पहुँच, गुणस्तंरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयमा सिफारीस गर्ने,

(फ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

१७. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने / गराउने,

(ख) गाउँ कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्वन्धी कार्य गर्ने,

(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(घ) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्वन्धी कार्य गर्ने,

(ङ) गाउँको उत्कृष्ट शैक्षिक उपलब्धि का लागि शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गर्ने र सो उपलब्धीपूर्ण रहे नरहेको निरन्तर अनुगमन गर्ने,

(च) विद्यालयहरुको लेखा परीक्षणको व्यवस्था मिलाउने,

(छ) शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँपालिकामा पेश गर्नु पर्ने भए सो गर्ने ,

१८. गाउँपालिका अन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न एक जना शिक्षा अधिकृत रहने छन् । निजको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :

(क) गाउँपालिका स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ शिक्षा समिति मार्फत् गाउँ कार्यपालिकामा पेश गर्ने,

(ख) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(घ) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

(च) गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने

(छ) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१९ वडा शिक्षा समिति सम्बन्धी व्यवस्था: (१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

(क) सम्बन्धित वडाको वडाध्यक्ष -संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा समितिले तोकेको दुई जना -सदस्य

(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना -सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहीत बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने,

(घ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(ङ) अभिभावक र शिक्षकबीच विवाद भएमा त्यसको समाधान् गर्ने,

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(छ) विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह थप गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) वडाको शैक्षिक अभिवृद्धिका लागि आवश्यक अन्य कार्यहरु गर्ने,

(झ) प्रारम्भिक वालविकास केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गर्ने,

(ञ) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफैले निर्धारण गर्नेछ ।

२०. विद्यालय व्यवस्थापन समिति : (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकहरुले आफूहरु मध्येवाट छानी पठाएका दुईजना महिला सहित चार जना - सदस्य

(ख) स्थानीय शिक्षाप्रेमी मध्येबाट वडा समितिले मनोनित गरेको एक जना -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय वुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा वढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले

मनोनित गरेको एक जना महिला सहित तीन जना -सदस्य

(घ) सम्बन्धित विद्यालयको शिक्षक प्रतिनिधि -सदस्य

(ङ)प्रधानाध्यापक -सदस्य सचिव

(२) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराईने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका स्तरका उद्योग तथा वाणिज्य महासंघका २ जना प्रतिनिधि सदस्य रहने छन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले नियम (१) खण्ड (क) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एक जना अपाङ्गता भएका व्यक्ति सदस्य रहने छ ।

(६) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा

गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदवाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(७) विद्यालयलाई शान्ति क्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व भित्र पर्नेछ ।

(८) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको अधिकतम परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको व्यवस्थापन गरी कार्यान्वयन गर्ने ।

(च) स्वीकृत दरवन्दी अनुसारका शिक्षकहरुलाई काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;

(छ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

(ज) लेखा परीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(झ) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित विषयमा गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने,

(ञ) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने,

(ट) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

(ठ) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(९) विद्यालय व्यवस्थापन समितिले आफ्नो बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफै बनाउन सक्नेछ ।

२१. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने: (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिको सिफारिसमा एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

२२. शिक्षक अविभावक संघ: सवै विद्यालयमा शिक्षक र अविभावकहरु रहेको एक शिक्षक अविभावक संघ रहनेछ । यस सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवा शर्त र योग्यता

२३. विद्यालयमा रहने शिक्षक दरवन्दी : (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँ कार्यपालिकाले गर्नेछ ।

(२) गाउँ कार्यपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँ कार्यपालिकाको कार्यालयले राख्नु पर्नेछ ।

(४) गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयमा आवश्यक पर्ने दरवन्दीको निर्धारण गाउँ कार्यपालिकाले गर्नेछ ।

(५) यो ऐन जारी भए पछि सामुदायिक विद्यालयमा रिक्त रहेको शिक्षक तथा कर्मचारी दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिनेछ ।

२४. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

२५. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था: (१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ:-

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(च) निजले अध्यापन गरेको विषयमा तीन बर्षको औसत शैक्षिक उपलब्धी १५ प्रतिशत भन्दा कम भएमा

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदवाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँ कार्यपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर यसरी कार्यरत पदवाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद ५

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम सम्बन्धी व्यवस्था

२६. शिक्षक तथा कर्मचारीको नियुक्ति : (१) विद्यालयमा कायम भएको रिक्त दरवन्दीमा शिक्षक तथा विद्यालय कर्मचारी पदमा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ:

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष --संयोजक

(ख) विषयगत रोष्टर मध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको विषय विज्ञ दुई जना --सदस्य

(ग) गाउँपालिकाको शिक्षा शाखा प्रमुख --सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

२) समितिको आफ्नो कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२७. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः (१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरवन्दीमा नवढ्ने गरी एक जना प्रधानाध्यापकको पद रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन सामान्यतया स्नातकोत्तर उपाधि प्राप्त माध्यमिक तहको स्थायी शिक्षक अनिवार्य हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ख) आधारभूत तह (कक्षा १-८) मा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त आधारभूत तहको स्थायी शिक्षक हुनु पर्नेछ । साथै आधारभूत तह (कक्षा १-३ ) वा (कक्षा १-५) को लागि स्नातक उपाधि प्राप्त स्थायी शिक्षक नभएमा प्रवीणता प्रमाण पत्र तह योग्यता प्राप्त स्थायी शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ

कार्यपालिकाको कार्यालयबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ग) प्रधानाध्यापकले नियुक्ति हुनु पूर्व पाँच वर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्ने छ ।

(घ) प्रधानाध्यापकको अवधि ५ बर्षको हुनेछ । निज बढीमा २ कार्यकाल मात्र सो पदमा बहाल रहन पाउनेछ ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) निजले पेस गरेको कार्ययोजना वा कार्यसम्पादन करारमा उल्लेखित मापदण्ड बमोजिम कार्य गरेको नपाईएमा गाउँ शिक्षा समितिको सिफारीसमा गाउँ कार्यपालिकाले हटाउन सक्नेछ तर एक पटक स्पष्टीकरणको मौका भने दिइनेछ ।

(छ) संस्थागत विद्यालयको हकमा माध्यमिक तहमा स्नातकोत्तर उपाधि प्राप्त र आधारभूत तहमा स्नातक उपाधि प्राप्त आधारभूत तहको शिक्षक हुनु पर्नेछ । सो नभएमा माध्यमिक तहमा स्नातक र आधारभूत तहमा प्रवीणता प्रमाण पत्र तह योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

२८. शिक्षक तथा कर्मचारीहरुको सरुवा सम्बन्धी व्यवस्था :

(१) स्थायी शिक्षक तथा कर्मचारीहरुको हकमा निजले कुनै एक विद्यालयमा न्यूनत्तम २ वर्ष सेवा गरे पश्चात् अर्को विद्यालयमा सरुवा गर्न सकिने छ । यसरी सरुवा गर्दा सम्बन्धित शिक्षकको रोजाई र प्राथमिकतालाई समेत ध्यान दिइनेछ तर सो विद्यालयमा सम्बन्धित विषयको दरबन्दी रिक्त भएको हुनु पर्नेछ ।

(२) न्यूनतम २ वर्ष एकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा

समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँ कार्यपालिकाको कार्यालयले आफ्नो क्षेत्रभित्रका दरवन्दी उपलब्ध भएका विद्यालयमा संरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्थामा वाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

(४) अन्तर स्थानीय तह शिक्षक तथा कर्मचारीको सरुवा हुन चाहने शिक्षक तथा कर्मचारीले सरुवा हुनका लागि तोकिएको ढाँचामा शिक्षा अधिकृत समक्ष निवेदन दिनु पर्नेछ । अन्तर स्थानीय तह सरुवाका लागि निवेदन दिने शिक्षक तथा कर्मचारीलाई सरुवा भई जान चाहेको विद्यालय र सोसँग सम्वन्धित शिक्षा शाखा तथा आफू सेवारत विद्यालय र शिक्षा शाखाको सरुवा सहमतिको सिफारिस पत्र आवश्यक पर्नेछ । सरुवा सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

२९. दरवन्दी मिलान: (१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरवन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

३०. शिक्षकको वढुवा सम्वन्धी व्यवस्था: हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको

संघीय कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षकहरुको वढुवा हुने छैन ।

३१. शिक्षकलाई अन्य काममा लगाउन नहुने :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्वन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्वन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३२. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने: शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकिया अवलम्वन गर्नु पर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा अधिकृतसँग, शिक्षा अधिकृतले सवै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सवै शिक्षकहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

३३. कार्य सम्पादन मूल्यांकन, पुरस्कार तथा सजायः (१) कार्य सम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्यांङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई नसिहत गर्नु पर्दछ ।

(२) कार्य सम्पादन करारका सूचकहरु तयार गर्दा शिक्षकको सृजनशीलता, परिबर्तनशीलताको विकास हुने प्रकारका सूचकहरु निर्धारण गर्नु पर्नेछ ।

(३) कार्य सम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) प्रत्येक विद्यालयले शिक्षकहरुलाई उत्प्रेरित गर्ने वातावरण वनाउन निर्देशन दिनु पर्दछ ।

## परिच्छेद ६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

३४. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण : (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबारा, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलवारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग सौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ ।

३५. विद्यालयको सम्पत्तिः (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम गाउँपालिकाको स्थानीय शिक्षा विकास कोषमा जम्मा गरिनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ कार्यपालिकाको स्वीकृती लिनु पर्नेछ ।

३६. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहनेछ । सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहनेछ ।

३७. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक: (१) विद्यालयले संघीय सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले संघीय सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँ कार्यपालिकाको कार्यालयमा माग गर्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्वन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित वढीमा १०० पूर्णाङ्क वा ४ केडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्यपुस्तक गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गरी लागू गर्न सक्ने छ ।

(५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड गाउँ कार्यपालिकाले तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वअध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

३८. अतिरिक्त शैक्षिक कियाकलापको सञ्चालन : विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कियाकलापहरु बालक्लव तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामुखी कियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद: ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

३९. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति लिनु पर्नेछ ।

(१) यो ऐन प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले गाउँपालिकामा तोकिएको ढाँचामा सूची दर्ता गराए पछि अनुमति पाए सरह हुनेछ ।

४०. संस्थागत विद्यालयको व्यवस्थापन समिति (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येवाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ कार्यपालिकाबाट मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरूमध्येवाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२) उपदफा (१) को (क), (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै वखत पदबाट हटाउन सक्नेछ । तर त्यस्तो पदबाट हटाउनु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

४१. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : (१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने,

(ङ) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(च) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,

(छ) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने,

(ज) कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने : (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा सात प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित

विद्यार्थीहरुलाई गाउँ कार्यपालिकाको सिफारिसमा छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा कार्यालय र गाउँ कार्यपालिकाको कार्यालय समक्ष बुझाउनु पर्नेछ ।

(२) छात्रवृत्ति र नि:शुल्क शिक्षा प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकिया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ । विद्यालय व्यवस्थापन समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

४३. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने: गाउँ शिक्षा समितिको सिफारीसमा गाउँ कार्यपालिकाले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

४४. अनुगमन तथा मूल्याङ्कन : संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

४५. अनुमति वा स्वीकृति रद्द गर्ने : कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृती रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

## परिच्छेदः ८·

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४६. परीक्षा सञ्चालन तथा समन्वय समिति : (१) गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।·

(क) गाउँ शिक्षा समितिको अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ग) प्रत्येक वर्ष परिवर्तन हुने गरी सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्ये गाउँ कार्यपालिकाले मनोनित गरेको दुई जना -सदस्य

(घ) प्रमुख सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय -सदस्य

(ङ) शिक्षा अधिकृत -सदस्य सचिव

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्थानीय तहको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

४७. परीक्षा समिति : (१) गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा सञ्चालन गर्नको लागि देहायको एक परीक्षा समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) परीक्षा सञ्चालन तथा समन्वय समितिले मनोनित गरेका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा शिक्षक एक जना -सदस्य

(ग) परीक्षा सञ्चालन तथा समन्वय समितिले मनोनित गरेका आधारभूत विद्यालयका प्रधानाध्यापक वा शिक्षक दुई जना -सदस्य

(घ) शिक्षा अधिकृत -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिमा मनोनित सदस्यको पदावधि एक बर्षको हुनेछ ।

(३) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञलाई परीक्षा समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) परीक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः ९

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

४८. विद्यालय कोषः (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ । जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ ।

(क) संघीय सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

४९. अनुदानको व्यवस्था : (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा

त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) प्राविधिक तथा व्यावसायिक र सामुदायिक विद्यालयलाई मातृभाषामा शिक्षा दिने प्रोत्साहन अनुदान रकम गाउँपालिकाले उपलब्ध गराउन सक्नेछ ।

(४) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

५०. बजेट तयार गर्ने : प्रधानाध्यापकले प्रत्येक वर्षको वैशाख मसान्तभित्र आगामी वर्षको बजेट तयार गरी व्यंवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति गाउँपालिकाको कार्यालयमा समयमा नै पठाउनु पर्नेछ ।

५१. लेखा व्यवस्थापन : (१) सबै किसिमका विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) नियमित कारोबारको लेखा राख्न वेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

५२. विद्यालयको खाता सञ्चालन : (१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नु पर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ । कक्षा १-५ सञ्चालन भएका आधारभूत विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ ।

५३. लेखा परीक्षण तथा सामाजिक परीक्षण: (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको पन्ध्र दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण शिक्षक अभिभावक संघको रोहवरमा सम्पन्न गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठपोषण लिनु पर्नेछ । सो को जानकारी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

५४. छात्रवृतिको व्यवस्था गर्न सक्ने: गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई स्थानीय शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

५५. शुल्क सम्बन्धी व्यवस्था: (१) नेपाल सरकारले नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन । तर कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(२) नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँ कार्यपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्वन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइनेछ । संस्थागत विद्यालयले लिएको विभिन्न शुल्कबाट आएको कुल आयको दुई प्रतिशत शिक्षा शुल्कको रुपमा दफा ६० बमोजिमको कोषमा जम्मा गर्नु पर्नेछ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्वन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

५६. विद्यालयलाई छुट र सुविधा : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा संघीय सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः १०

## विविध

५७. गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ । यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

५८. गाउँपालिकाले निर्देशन दिन सक्ने: (१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय र विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

५९. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन: (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

६०. प्रगति विवरण बुझाउनु पर्ने : संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको विवरण सहितको प्रगति विवरण गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

६१. शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने: विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी

विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्वन्धी कुनै कार्य गर्न पाउने छैन ।

६२. स्थानीय शिक्षा विकास कोषः (१) गाउँपालिकामा आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न स्थानीय शिक्षा विकास कोष स्थापना हुनेछ ।

२) कोषमा देहाय बमोजिमको रकम रहन सक्नेछ :

(क) संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत र लेखा प्रमुख रहेको तीन सदस्यीय समितिबाट हुनेछ ।

६३. दण्ड सजायः (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(छ) कानून विपरितको अन्य कार्य गरेमा ।

(३) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यसै ऐन बमोजिम सजाय गरिनेछ ।

६४. पुनरावेदन: तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

६५. नियम बनाउने अधिकार: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

६६. संक्रमणकालीन व्यवस्था : (१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरवन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिन सक्नेछ ।

६७. बाधा अडकाउ फुकाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर यस्तो आदेश गाउँपालिकाले ६ महिनाभित्रमा गाउँसभाबाट अनुमोदन नगरेमा स्वत निष्क्रिय हुनेछ ।

६८. बचाउ र लागू नहुने: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वत: निस्क्रिय हुनेछ ।

(४) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिँदै आएको सुविधामा कुनै किसिमको कटौति गरिनके छैन तर यस व्यवस्थाले कानुन बमोजिम दण्ड सजाय र कारवही गर्न बाधा पर्ने छैन ।

(५) यस ऐनमा उल्लेख भएका कुराहरु संघीय र प्रादेशिक शिक्षा ऐन सँग बाझिएमा स्वत खारेज हुनेछन् ।

६९. गाउँपालिकाको शिक्षा ऐन, २०७६ को संशोधन साँगुरीगढी गाउँपालिकाको गाउँ सभाले गर्नेछ ।

**प्रमाणिकरण मिति : २०७६।०३।२०**

**आज्ञाले**
**सूर्यबहादुर भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**